# लागु औषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना

## National Master Plan on Prevention and Control of Narcotic Drugs

(२०७९ - २०८४)

नेपाल सरकार
गृह मन्त्रालय
लागु औषध नियन्त्रण शाखा
सिंहदरबार, काठमाडौं

## १. पृष्ठभूमि

लागु औषध विश्वमै गम्भीर समस्याको रूपमा देखा पर्दै गएको छ। लागु औषध सेवनका कारण एकातिर व्यक्तिमा गम्भीर स्वास्थ्य समस्याहरू गहिरिँदै गएका छन् भने अर्कोतिर परिवार, समाज र राष्ट्रमै त्यसका नकारात्मक असरहरू देखिन थालेका छन्। लागु औषधको अवैध कारोबारले अपराधको दर बढ्नुका साथै अन्ततोगत्वा राष्ट्रिय सुरक्षामै ठूलो चुनौती सिर्जना गर्न सक्छ। लागु औषधको उत्पादन, ओसारपसार, बिक्री वितरण तथा दुरुपयोगले विश्वव्यापी सामाजिक विकास र स्थिरतामा नकारात्मक प्रभाव पार्दछ। लागु औषधको उचित रोकथाम तथा नियन्त्रण गर्न नसक्दा नेपालमा समेत यसको बहुआयामिक असर देखिन थालेको छ। विश्वव्यापी रूपमै बढिरहेको यो समस्या नेपालमा पनि फैलिदै गएको नेपाल लागु औषध प्रयोगकर्ता सर्वेक्षण, २०७६ तथा नेपाल प्रहरीको नियमित प्रतिवेदनले समेत पुष्टि गर्दै आएको छ।

## २. लागु औषधको अवस्था

### क) विश्वमा लागु औषधको अवस्था

संयुक्त राष्ट्र सङ्घीय लागु औषध तथा अपराध नियन्त्रण कार्यालय (युएनओडिसी) को **विश्व लागु औषध प्रतिवेदन-२०२१** ले विश्वमा लागु औषधको भयावह अवस्थाको चित्र प्रस्तुत गरेको छ। उक्त कार्यालयका अनुसार सन् २०१९ मा विश्वभर २७ करोड ५० लाख लागु औषध प्रयोगकर्ताहरू रहेका छन्। यो सङ्ख्या सन् २०१० को तुलनामा २२ प्रतिशतले बढी हो। लागु औषध प्रयोगकर्ताहरूमध्ये १ करोड १० लाख व्यक्तिहरू सुईद्वारा (इन्जेक्टेबल ड्रग) लागु औषध प्रयोग गर्छन्। लागु औषध प्रयोगकर्ताहरूमध्ये करिब ६० लाख जनामा हेपाटाइटिस र १४ लाख जनामा एच.आई.भी.को संक्रमण रहेको प्रतिवेदनले देखाएको छ। लागु औषध प्रयोगकर्ताको वृद्धिदर विकसित मुलुकमा ७ प्रतिशत र विकासोन्मुख मुलुकमा २८ प्रतिशत रहेको देखिन्छ।

### ख) नेपालमा लागु औषधको अवस्था

नेपाल लागु औषध प्रयोगकर्ता सर्वेक्षण, २०७६ अनुसार नेपालमा १,३०,४२४ जना लागु औषध प्रयोगकर्ता छन्। जसमध्ये महिला ८,७३२ जना (६.७ प्रतिशत) र पुरुष १,२१,६९२ जना (९३.३ प्रतिशत) रहेका छन्। वि.सं. २०६९ देखि २०७६ सम्मको तथ्याङ्क हेर्दा प्रयोगकर्ताको वार्षिक वृद्धिदर ५.०६ प्रतिशत रहेको देखिन्छ। अधिकांश लागु औषध प्रयोगकर्ताहरूले औसतमा उन्नाइस वर्षभन्दा कम उमेरमै पहिलो पटक कुनै न कुनै लागु औषध सेवन गर्न सुरुआत गरेको देखिन्छ।

नेपालमा लागु औषधका सुरुआती प्रयोगकर्ताहरूले सेवन गर्ने मुख्य मुख्य लागु औषधहरू तलको तालिकामा देखाइएको छः



टेकनारायण पाण्डे

नेपाल सरकार
गृह मन्त्रालय

तालिका नं. १

लागु औषधका सुरुआती प्रयोगकर्ताहरू

| क्र.सं. | लागु औषधको प्रकार | सेवनकर्ता |
|---|---|---|
| १. | गाँजाजन्य पदार्थ (Cannabis) | ८०.४% |
| २. | डाइजेपाम (Diazepam) | ९.४% |
| ३. | अफिमजन्य पदार्थ (Opiates) | ४.७% |
| ४. | ट्रामाडोल (Tramadol) | १.९% |
| ५. | प्रिग्यावलिन (Pregabalin) | १.९% |
| ६. | सुँघ्ने पदार्थ (Inhalants) | १.८% |
| ७. | भ्रमात्मक पदार्थ (Hallucinogens) | ०.५% |
| ८. | उत्तेजनात्मक पदार्थ (Stimulants) | ०.१% |

*स्रोतः नेपाल लागु औषध प्रयोगकर्ता सर्वेक्षण, २०७६*

तालिका नं. १ मा उल्लेख भएअनुसार नेपालमा लागु औषधका सुरुआती प्रयोगकर्ताहरूले मुख्य ८ प्रकारका लागु औषधहरू सेवन गरेको देखिन्छ जसमा गाँजाजन्य पदार्थ, डाइजेपाम, अफिमजन्य पदार्थ, ट्रामाडोल, प्रिग्यावलिन, सुँघ्ने पदार्थ, भ्रमात्मक पदार्थ र उत्तेजनात्मक पदार्थ रहेका छन्। सबैभन्दा बढी गाँजाजन्य पदार्थ सेवनकर्ता ८०.४ प्रतिशत रहेका छन्।

## ग) कानूनी तथा सङ्गठनात्मक व्यवस्था

नेपालको संविधानको धारा ३५ (१) मा "प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन" भन्ने व्यवस्था गरेको छ। त्यसैगरी धारा ३५ (२) र (३) ले क्रमशः प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुने र प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ" भन्ने व्यवस्था गरेको छ।

सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य सुविधा र आर्थिक हित कायम राख्न तथा लागु औषध सम्बद्ध अपराधको नियन्त्रण गर्न लागु औषध (नियन्त्रण) ऐन, २०३३ कार्यान्वयनमा रहेको छ। उक्त ऐनले लागु औषधको खेती, उत्पादन, निर्माण, खरिद-बिक्री, सञ्चय, ओसारपसार, सेवन, निकासी तथा पैठारी समेतमा नियन्त्रण गरेको छ।

उक्त ऐनको दफा २१ बमोजिम नेपाल सरकारले गृह मन्त्रालय अन्तर्गत औषध नियन्त्रण प्रशासनको स्थापना गरेको छ भने सोही दफाबमोजिम गृह मन्त्रालयका सहसचिवलाई मुख्य औषध नियन्त्रण अधिकारीको रूपमा कार्य गर्ने गरी जिम्मेवारी तोकिएको छ। गृह मन्त्रालयमा लागु औषध नियन्त्रण शाखा र नेपाल प्रहरीको विशिष्टिकृत संस्था लागु औषध नियन्त्रण ब्युरो रहेका छन्।



टेकनारायण पाण्डे
सचिव

लागु औषध दुर्व्यसन रहित, स्वस्थ र समुन्नत समाजको प्रासिको दीर्घकालीन सोच सहितको लागु औषध नियन्त्रण राष्ट्रिय नीति, २०६३ र लागु औषध नियन्त्रण रणनीति, २०६६ को नीतिगत व्यवस्था गरिएको छ। उक्त नीतिले माननीय गृहमन्त्रीको अध्यक्षतामा सरोकारवाला मन्त्रालयका सचिवहरू र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधि सहितको २१ सदस्यीय उच्चस्तरीय लागु औषध नियन्त्रण राष्ट्रिय निर्देशन तथा समन्वय समितिको र गृह सचिवको संयोजकत्वमा १३ सदस्यीय लागु औषध नियन्त्रण कार्यकारी समितिको व्यवस्था गरेको छ। कार्यकारी समितिले लागु औषध नियन्त्रण सम्बन्धी कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी समन्वय र सामञ्जस्यता कायम गराई क्रियाकलापको अनुगमन तथा मूल्याङ्कन गरी कार्यान्वयन स्तरका समस्या समाधान तथा निराकरण गर्ने कार्य गर्दछ। जिल्लास्तरमा लागु औषध नियन्त्रणका लागि जिल्ला प्रशासन कार्यालयहरू, जिल्ला प्रहरी कार्यालयहरू र सशस्त्र प्रहरी बल, नेपालका युनिटहरूले आपसी समन्वयमा कार्य गर्ने गर्दछन्।

**घ) आवधिक योजनामा लागु औषध नियन्त्रण**

पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) को लोकतन्त्र र सुशासन परिच्छेदमा शान्ति सुव्यवस्था र सुरक्षा अन्तर्गत लागु औषध नियन्त्रणको विषय समावेश छ। योजनामा विद्यमान कानूनी तथा संस्थागत व्यवस्थाको सुदृढीकरण सहित बहुसरोकारवाला निकायसँगको साझेदारी मार्फत सामाजिक विकृति, द्वन्द्व, अपराध, हिंसा र लागु पदार्थको कारोबार तथा दुर्व्यसन नियन्त्रण गर्ने रणनीति लिइएको छ। यसको कार्यनीतिको रूपमा स्थानीय तहसँगको समन्वय र सहकार्यमा सामाजिक विकृति, दुर्व्यसन र अपराध नियन्त्रणका अभियान सञ्चालन गरिने विषय समावेश छ। त्यस्तै सरकार, निजी क्षेत्र, गैरसरकारी संस्था, नागरिक समाज, सञ्चार जगत तथा अन्य सरोकारवालाको सहकार्यमा लागु पदार्थलाई निषेध र मदिरा बिक्री वितरणलाई व्यवस्थित गरिने र दुर्व्यसनमा परेका व्यक्तिहरूलाई उपचार र पुनर्स्थापना गरी उद्यमशील र आत्मनिर्भर बनाइने विषय समेत कार्यनीतिमा समावेश छ।

**ङ) लागु औषध दुरुपयोगको आर्थिक सामाजिक प्रभाव**

लागु औषध दुरुपयोगबाट मानव स्वास्थ्य, सार्वजनिक शान्ति, सामाजिक एवम् आर्थिक उन्नतिमा अपुरणीय क्षति पुग्न सक्छ। लागु औषधका कारण अपव्यय बढ्ने, रोजगारीको अवसर गुम्ने, गरिबी बढ्ने, भ्रष्टाचारमा वृद्धि हुन सक्ने, उत्पादकत्व तथा उद्यमशीलतामा ह्रास आउने, काममा अनियमितता र कार्यस्थलको वातावरण बिथोलिने जस्ता आर्थिक असरहरू पर्दछन्।

त्यसैगरी परिवारमा तनाव, झै-झगडा, बेमेल, पारिवारिक विचलन, विखण्डन, सम्बन्ध विच्छेद, व्यभिचार बढ्ने, चोरी, समाजबाट टाढा हुँदै जाने, सामाजिक अपराधमा संलग्नता बढ्ने, समाज तथा आफन्तका दृष्टिमा घृणाको पात्र बन्न सक्ने, कानूनको अवज्ञा गर्ने, अराजकता तथा गुण्डागर्दी गर्ने, घरेलु हिंसा गर्ने र लागु औषधको कारोबारमा संलग्न हुन सक्ने जस्ता सामाजिक असरहरू देखिन सक्छन्।



टेकनारायण पाण्डे
सचिव

च) लागु औषध र अपराध

नेपालमा हुने कुल अपराधमा लागु औषध सम्बद्ध अपराधको भार बढ्दै गएको छ। लागु औषधसँग सम्बन्धित अपराधले शान्ति सुरक्षामा र कानूनको पालनामा चुनौती थपेको छ। नेपाल प्रहरीको तथ्याङ्क अनुसार आ.व. २०७२/७३ मा नेपालमा दर्ता भएका जम्मा २८,५६३ मुद्दाहरू मध्ये १,९७४ अर्थात कुल मुद्दाको ७ प्रतिशत मुद्दा लागु औषधसँग सम्बन्धित रहेको देखिन्छ। यो अनुपात आ.व. २०७३/७४ मा बढेर ८ प्रतिशत र आ.व. २०७५/७६ मा ९ प्रतिशत भएको देखिन्छ। त्यसैगरी जिल्ला कारागारहरूबाट प्राप्त विवरण अनुसार २०७८ कार्तिकमा देशभरका कारागारमा रहेका २६ हजार कैदी बन्दीमध्ये २१ प्रतिशत भन्दा बढी लागु औषधको मुद्दामा रहेको देखिन आएको छ। यसबाट लागु औषधका कारण समाजमा अपराध बढ्न गई सुरक्षा निकाय, कारागार प्रशासन, अदालतजस्ता राज्यका अति महत्त्वपूर्ण निकायमा लागु औषधकै कारण कार्यचाप बढेको र ठूलो मात्रामा स्रोत साधन खर्चिनु परेको प्रष्ट हुन आउँछ।

## ३. गुरुयोजनाको आवश्यकता

१. तीनै तहका सरकारी र गैर सरकारी क्षेत्रमा लागु औषध दुरुपयोग तथा अवैध ओसारपसारलाई नियन्त्रण तथा न्यूनीकरण गर्न दीर्घकालीन सोच, नीति, कार्यक्रम, क्रियाकलाप र बजेट मार्फत मूलप्रवाहीकरण गर्ने।

२. लागु औषध दुरुपयोग र अवैध ओसारपसार नियन्त्रणका लागि आवश्यक संरचना, बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सम्बद्ध सरकारी, गैरसरकारी निकायलाई प्रोत्साहित गर्ने।

३. लागु औषध दुरुपयोग तथा अवैध ओसारपसार नियन्त्रण कार्यमा वडा तहदेखि केन्द्रसम्मका सरोकारवाला निकायहरूबीच सहकार्य, साझेदारी तथा समन्वय वृद्धि गर्ने।

४. दुर्व्यसन एवम् अन्य सामाजिक विकृति र विसङ्गतिका कारण महिला/बालबालिका उपर घट्ने हिंसा अन्त्यको लागि सामाजिक ऐक्यवद्धता जुटाउन।

५. कर्तव्य र जिम्मेवारी बोध सहितको राष्ट्रिय कार्यक्रम र सरोकारवाला निकाय/सङ्घ संस्थाहरूको प्रभावकारी साझेदारी निर्माण गर्ने।

६. व्यक्तिको स्वास्थ्य सुरक्षामा सरकारवालाको चासो अभिवृद्धि गर्ने।

७. स्वस्थ, सभ्य, सदाचारयुक्त र अपराधमुक्त समाज निर्माणको अभियानलाई सार्थकता दिन।

८. लागु औषध सम्बद्ध नीति तथा कानूनको नतिजामूलक कार्यान्वयन गर्ने।

९. शान्ति सुरक्षा र सुशासन मार्फत मुलुक र जनताको विकास र समृद्धिमा योगदान पुऱ्याउन।

टेकनारायण पाण्डे
सचिव

## ४. अन्तर्राष्ट्रिय अनुबन्ध

लागु औषध नियन्त्रण सम्बन्धमा नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय अभिसन्धिहरू निम्न छन्-

१. लागु औषध सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय एकल अभिसन्धि, १९६१,

२. मनोद्दीपक पदार्थसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय अभिसन्धि, १९७१,

३. लागु तथा मनोद्दीपक पदार्थको अवैध ओसारपसार सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय अभिसन्धि, १९८८,

४. सार्क अभिसन्धि, १९९०,

५. लागु औषधको माग घटाउन तथा मनोद्दीपक पदार्थ, सहायक रसायनहरू र सम्बन्धित वस्तुको अवैध ओसारपसार रोकथाम सम्बन्धमा नेपाल भारतबीच भएको समझदारीपत्र, २०१७ (Drug demand reduction and prevention of illicit in Narcotic drugs, Psychotropic substances and precursor chemicals and related matters.)

## ५. मार्गदर्शक सिद्धान्तहरू

१) लागु औषधको प्रयोगकर्ताहरूको सङ्ख्यामा कमि ल्याई लागु औषधको असर तथा प्रभाव न्यूनीकरण गर्दै नागरिकको संरक्षण गर्ने।

२) लागु औषध दुरुपयोग रोकथाम, उपचार तथा पुनर्स्थापना सेवालाई जनस्वास्थ्यसँग एकीकृत गर्दै प्रयोगकर्ताको मानव अधिकार संरक्षण गर्ने।

३) लागु औषध समस्या समाधान कार्यलाई सामूहिक जिम्मेवारी (Shared Responsibility) को रूपमा स्वीकार गर्ने।


४) लागु औषध ओसारपसार तथा कारोबार न्यूनीकरणका लागि नागरिक-समुदाय साझेदारी, निजी क्षेत्रसँग साझेदारी गर्ने।

५) लागु औषधसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता, सन्धि, अभिसन्धिको परिपालनामा जोड दिने।

उपर्युक्त मार्गदर्शक सिद्धान्तहरूलाई तलको चित्रमा देखाइएको छः

टेकनारायण पाण्डे
सचिव

नेपाल सरकार
गृह मन्त्रालय




चित्र नं. १

मार्गदर्शक सिद्धान्तहरू

## ६. दूरदृष्टि

लागु औषधको दुरूपयोग र दुर्व्यसनको जोखिमरहित स्वस्थ्य र समुन्नत नेपाल।

## ७. लक्ष्य

लागु औषधको कारोबार तथा दुर्व्यसनबाट हुने स्वास्थ्य, सामाजिक र आर्थिक क्षति न्यूनीकरण गर्ने।

## ८. उद्देश्यहरू

१) लागु औषध प्रयोगकर्ता, निजको परिवार र समुदायमा एच.आइ.भी., हेपाटाइटिस बी-सी तथा यौनजन्य रोग जस्ता सङ्क्रमणको जोखिम न्यूनीकरण गर्ने।

२) लागु औषध प्रयोगकर्ताहरूको गुणस्तरीय, भरपर्दो एवम् विश्वसनीय उपचार तथा पुनर्स्थापना सेवा विस्तार गर्ने।

टेकनारायण पाण्डे
सचिव

३) लागु औषधको अवैध खेती, ओसार-पसार, बिक्री वितरण र प्रयोगलाई नियन्त्रण गरी यससँग सम्बन्धित अपराधमा कमी ल्याउने।

४) लागु औषधको प्रयोगमा रोकथाम तथा नियन्त्रणसँग प्रत्यक्ष अप्रत्यक्ष सरोकार राख्ने सबै नीतिहरूबीच तादात्म्यता कायम गर्ने।

<table>
<tr><th colspan="5">उद्देश्यहरू</th></tr>
<tr><td>सचेतना अभिवृद्धि</td><td>संक्रमण जोखिम न्यूनीकरण</td><td>भरपर्दो उपचार र पुनर्स्थापना</td><td>अपराधमा न्यूनीकरण</td><td>सहकार्य र साझेदारी</td></tr>
<tr><th colspan="5">आधार स्तम्भ</th></tr>
<tr><td colspan="5">अन्तर निकाय समन्वय</td></tr>
<tr><td colspan="5">संस्थागत सुधार</td></tr>
<tr><td colspan="5">नागरिक अग्रसरता</td></tr>
<tr><td colspan="5">प्रभावकारी अनुगमन तथा मूल्याङ्कन</td></tr>
</table>

उपरोक्त उद्देश्यहरू प्राप्तिका लागि निम्न चारओटा विषयहरू आधारस्तम्भ (Pillars) को रूपमा रहने छन्। पहिलो, संघ, प्रदेश तथा स्थानीय तहमा अन्तर निकाय समन्वय। दोस्रो, लागु औषधको रोकथाम तथा नियन्त्रणको लागि स्थापित विद्यमान संस्थाहरूको संस्थागत सुधार। तेस्रो, सचेत नागरिकको अग्रसरता। चौथो, नियमित र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन।

## ९. रणनीति तथा कार्यनीति

### ९.१ नीति निर्माण तथा नीतिगत तादाम्यता

९.१.१ लागु औषध नियन्त्रण ऐन, २०३३ लाई प्रतिस्थापन गरी लागु औषध तथा मनोद्दीपक पदार्थ नियन्त्रण ऐन तर्जुमा गर्ने।

९.१.२ सङ्घीय नीति र कानूनसँग तादात्म्यता हुने गरी सबै प्रदेश तथा स्थानीय तहले लागु औषध सम्बन्धी आवश्यक योजना, कार्यक्रम तथा बजेट व्यवस्था गरी कार्यान्वयन गर्ने।

टेकनारायण पाण्डे
सचिव

९.१.३ अन्य क्षेत्रगत नीति, निर्देशिका र कार्यविधिहरूलाई गुरुयोजनासँग तादात्म्यता हुने गरी संशोधन गर्ने।

९.१.४ नीतिगत एकरूपताका लागि सबै सङ्घीय इकाईहरूलाई खाका उपलब्ध गराउने।

९.१.५ लागु औषध उपचार तथा पुनर्स्थापना केन्द्र सम्बन्धी प्रोटोकल तयार गर्ने।

९.१.६ नमूना लागु औषध उपचार तथा पुनर्स्थापना केन्द्रको लागि मापदण्ड तयार गर्ने।

९.१.७ माध्यमिक विद्यालय तहको पाठ्यक्रममा लागु औषधसम्बन्धी विषयवस्तु समावेश गर्ने।

९.१.८ सरकारी तालिम केन्द्रहरूका पाठ्यक्रममा लागु औषध विषयलाई समावेश गर्ने।

## ९.२ संस्थागत सबलीकरण

९.२.१ लागु औषध नियन्त्रणका लागि विद्यमान संस्थागत संयन्त्रहरू लागु औषध नियन्त्रण शाखा र लागु औषध नियन्त्रण ब्युरोको संस्थागत क्षमता विकास र सबलीकरण गर्ने।

९.२.२ लागु औषध नियन्त्रण विभाग स्थापना गर्ने।

९.२.३ माध्यमिक तहका सामाजिक विषयका शिक्षकलाई लागु औषधसम्बन्धी प्रशिक्षित गर्ने।

९.२.४ लागु औषध नियन्त्रण कानून कार्यान्वयनको क्षेत्रमा कार्यरत निकायहरूमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने।

९.२.५ स्वास्थ्य कर कोष र मदिरा नियन्त्रण सेवा दस्तुर वापतको रकम लागु औषध नियन्त्रण सम्बन्धी कार्यक्रममा वार्षिक विनियोजन गरी उपयोग गर्ने।

९.२.६ सङ्गठित रूपमा लागु औषध प्रयोग, ओसारपसार, बिक्री वितरण गर्ने विरुद्ध मजबुत Intelligence को विकास गर्ने।

९.२.७ नेपाल प्रहरीको लागि लागु औषध अपराध विश्लेषण सम्बन्धी सफ्टवेयर निर्माण गर्ने तथा कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence) को प्रयोग गर्ने।

९.२.८ स्थानीय तहका पदाधिकारीलाई लक्षित गरी अभिमुखीकरण तालिम सञ्चालन गर्ने।

## ९.३ सचेतना र शिक्षा

९.३.१ लागु पदार्थको दुष्परिणामबारे विद्यालय, क्याम्पस, युवा क्लब आदिमा युवा लक्षित सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने।

९.३.२ लोकप्रिय राष्ट्रिय व्यक्तित्व, कलाकार तथा खेलाडीलाई लागु औषध नियन्त्रण अभियानको सद्भावना दूत घोषणा गर्ने।

९.३.३ लागु औषध प्रयोगकर्ताहरूलाई लक्षित गरी योग तथा ध्यान शिविर, स्वास्थ्य शिविर र मनोसामाजिक परामर्श उपलब्ध गराउने।

टेकनारायण पाण्डे
सचिव

९.३.४ लागु औषधको सम्भावित प्रयोग न्यूनीकरण गर्न बाल क्लबहरू गठन तथा परिचालनको व्यवस्था मिलाउने।

९.३.५ लागु औषध नियन्त्रण सम्बन्धमा अभिभावक एवम् जोखिममा परेका समुदायमा सचेतना तथा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्ने।

९.३.६ सचेतना फैलाउन फेसबुक, ट्वीटर, टिकटक, युट्युबजस्ता सामाजिक सञ्जालहरूको प्रयोग गर्ने।

९.३.७ लागु औषध र यसले पार्ने प्रभावका बारेमा कारागारका कैदी बन्दीहरूलाई लक्षित गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

९.३.८ आमा समूह, दबाब समूहलाई लागु औषध कार्यक्रममा आवद्ध गरी परामर्श (Outreach) कार्यक्रम सञ्चालन गर्ने।

९.३.९ किशोर किशोरीबीच दौतरी शिक्षा (Peer Education) मार्फत लागु औषध विरुद्ध चेतना फैलाउने।

९.३.१० लागु औषध विरुद्धको अभियानमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्तित्वहरूलाई सम्मानित र पुरस्कृत गर्ने।

९.३.११ सडक बालबालिका सचेतना कार्यमा संलग्न व्यक्ति तथा संस्थाहरूलाई प्रोत्साहन गर्ने।

९.३.१२ स्थानीय स्तरमा लागु औषधविरुद्ध सचेतना फैलाउन नेपाल प्रहरीबाट सञ्चालन भइरहेको समुदाय-प्रहरी साझेदारी कार्यक्रमलाई थप प्रभावकारी बनाउने ।

## ९.४ लागु औषध रोकथाम तथा नियन्त्रण

९.४.१ लागु औषधको गैरकानूनी प्रयोग, सञ्चय र ओसारपसार गर्ने उपर कारबाही गर्ने।

९.४.२ लागु औषधको अवैध खेती र उत्पादन नष्ट गरी संलग्न उपर कारबाही गर्ने।

९.४.३ सरकारी, निजी क्षेत्र, गैरसरकारी संस्था र नागरिक समाज सहितको सहभागितामा राष्ट्रिय लागु औषध माग घटाउ अभियान सञ्चालन गर्ने।

९.४.४ हवाई, सडक तथा जलमार्गबाट हुने लागु औषधको ओसारपसार चेकजाँचको लागि अत्याधुनिक उपकरणको व्यवस्था गर्ने।

९.४.५ सबै स्थानीय तहमा लागु औषध नियन्त्रण तथा मदिरा बिक्री वितरण व्यवस्थित गर्न रोकथाममूलक कार्यक्रमहरू सञ्चालन गर्ने।

९.४.६ मदिराको प्रयोगलाई निरूत्साहित गरी नमुना स्थानीय तहको स्थापना कार्य अगाडि बढाउने।

टेकनारायण पाण्डे
सचिव

९.४.७ लागु औषधको कारोबार तथा प्रयोग हुन सक्ने सम्भाव्य क्षेत्र तथा सीमा नाकाहरूमा आकस्मिक अनुगमन तथा निरीक्षण गर्ने।

९.४.८ नियन्त्रित लागु औषध अर्थात सहायक रसायन (Precursor Chemicals) तथा मनोद्दीपक पदार्थहरू (Psychotropic Substances) को उत्पादन, आयात, ओसारपसार, बिक्री वितरण र प्रयोगको प्रभावकारी नियमन गर्ने।

९.४.९ औषध नियन्त्रण अधिकारीलाई सक्रिय रूपमा परिचालन गर्ने।

९.४.१० भन्सार बिन्दुमा लागु औषध पत्ता लगाउने यन्त्र (Drug Detection Device) जडान गर्ने।

९.४.११ सीमामा आवतजावत गर्ने नागरिकलाई लागु औषध अपराध सम्बन्धी परामर्श र सूचना सम्प्रेषणका लागि विशेष क्याम्पको व्यवस्था गर्ने।

९.४.१२ मदिराजन्य पदार्थको विज्ञापनका लागि राखिने होर्डिङ बोर्ड तथा मदिरा पसलहरू अन्तराष्ट्रिय सीमारेखाबाट निश्चित दूरीमा राख्न पहल गर्ने।

९.४.१३ सम्भावित लागु औषध प्रयोगकर्ता पहिचान गरी Test Kit मार्फत लागु औषध प्रयोग गरे नगरेको जाँच गर्ने।

## ९.५ उपचार तथा पुनर्स्थापना

९.५.१ लैङ्गिक तथा अन्य कुनै भेदभाद बिना स्तरीय उपचार तथा पुनर्स्थापना सेवा दिने।

९.५.२ लागु औषधको प्रतिस्थापन र सामाजिक पुनर्स्थापना गर्ने।

९.५.३ उपचार तथा पुनर्स्थापना सेवालाई गुणस्तरीय बनाउन केन्द्रका सञ्चालक तथा व्यवस्थापकलाई Accepted Standard Training Curriculum बमोजिम तालिम प्रदान गर्ने।

९.५.४ लागु औषध प्रयोगकर्ताहरूका लागि उपचार तथा पुनर्स्थापना केन्द्र सञ्चालनका लागि गैरसरकारी तथा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने।

९.५.५ लागु औषध प्रयोगकर्ताका लागि सञ्चालित उपचार तथा पुनर्स्थापना केन्द्रहरूको अधिकतम मासिक सेवा शुल्क निर्धारण गर्ने।

९.५.६ उपचार तथा पुनर्स्थापना सेवाको अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी तुल्याउने।

९.५.७ पुनर्स्थापना पश्चात लागु औषध प्रयोगकर्तालाई सम्मानित सामाजिक जीवनयापन तथा सामाजिक पुनःएकीकरणको लागि सीपमूलक र आयआर्जनका कार्यक्रम सञ्चालन गर्ने।



टेकनारायण पाण्डे
सचिव

९.५.८ गैरसरकारी संस्थासँगको सहकार्यमा पूर्व लागु औषध प्रयोगकर्ताहरूलाई समाजमा पुनर्स्थापना गर्न सघाउ पुऱ्याउने कार्यक्रम सञ्चालन गर्ने।

९.५.९ उत्कृष्ट सेवा दिने उपचार तथा पुनर्स्थापना केन्द्रहरूलाई प्रोत्साहन स्वरूप राज्यबाट अनुदान र पुरस्कार प्रदान गर्ने।

९.५.१० प्रत्येक प्रदेशमा नमूना लागु औषध उपचार तथा पुनर्स्थापना केन्द्र स्थापना गर्ने।

९.५.११ लागु औषध प्रयोगकर्ताहरूको उपचारलाई प्रभावकारी बनाउन प्रत्येक प्रादेशिक अस्पतालमा Drug Treatment Centre स्थापना गर्ने।

९.५.१२ कुल ५ हजारभन्दा बढी लागु औषध प्रयोगकर्ता भएको जिल्लामा जिल्लास्थित सरकारी अस्पतालसँग समन्वय गरी Psychiatric Unit स्थापना गरी उपचार सेवा सुचारु गर्ने।

९.५.१३ उपचार केन्द्रमा नयाँ भर्नाको सङ्ख्या, उपचाररत व्यक्तिको सङ्ख्या तथा डिस्चार्जको वास्तविक अवस्थाको Real Time सफ्टवेयर विकास गरिने।

## ९.६ क्षति न्यूनीकरण

९.६.१ लागु औषध प्रयोगकर्ताहरूको सम्भावित क्षति न्यूनीकरण गर्नका लागि मौखिक प्रतिस्थापन केन्द्रको सेवामा पहुँच बढाउने।

९.६.२ मौखिक प्रतिस्थापन उपचार पद्धतिलाई सातै प्रदेशमा विस्तार गर्ने।

९.६.३ मौखिक प्रतिस्थापनमा सिन्थेटिक लागु औषधको विकल्पमा प्राकृतिक वा जैविक प्रतिस्थापन उपचारका विकल्पबाट प्रतिस्थापन गर्ने।

९.६.४ लागु औषध प्रयोगकर्तामा देखिने आधारभूत स्वास्थ्य समस्याहरूको पहिचान गरी त्यस्ता जोखिमबाट प्रयोगकर्ता, निजको परिवार र समुदायलाई जोगाउन पहल गर्ने।

९.६.५ समुदायको अग्रसरतामा न्यूनतम मापदण्ड सहितका आश्रय केन्द्र (Drop in Centre) स्थापना गर्न पहल गर्ने।

## ९.७ अनुसन्धान तथा विकास

९.७.१ लागु औषध प्रयोगकर्ताहरूको अवस्था र लागु औषधको प्रभावबारे आवधिक रूपमा राष्ट्रिय सर्वेक्षण र स्थानीय तहगत सर्वेक्षण गर्ने।

९.७.२ लागु औषध सम्बन्धी खोज पत्रकारितालाई प्रोत्साहन गर्न सञ्चारकर्मीसँग सहकार्य र साझेदारी गर्ने।

९.७.३ उपचार तथा पुनर्स्थापना क्षेत्रमा अध्ययन अनुसन्धान गरी प्रभावकारी र सफल विधि अवलम्बन गर्ने।



टेकनारायण पाण्डे
सचिव

९.७.४ गाँजाजन्य पदार्थसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता र राष्ट्रिय कानून बमोजिम औषधीय प्रयोजनको लागि खुला गर्ने र नेपाल स्वास्थ्य अनुसन्धान परिषद् तथा अन्य स्वायत्त सरकारी अनुसन्धान संस्थाको सहकार्यमा आवश्यक वैज्ञानिक अनुसन्धान गर्ने।

९.७.५ लागु औषध प्रयोगकर्ताहरूको लागि सञ्चालित उपचार तथा पुनर्स्थापना केन्द्रको प्रभावकारिता अध्ययन गर्ने।

९.७.६ लागु औषधको मौखिक प्रतिस्थापन उपचार केन्द्र तथा विधिको प्रभावकारिता अध्ययन गर्ने।

### ९.८ सहकार्य, साझेदारी र स्रोत परिचालन

९.८.१ सङ्घ, प्रदेश र स्थानीय तहका सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरी संयुक्त रूपमा लागु औषध दुरुपयोग रोकथाम र नियन्त्रण गर्ने।

९.८.२ सीमा जोडिएका देशका सुरक्षा निकायसँग लागु औषध अपराध नियन्त्रण सम्बन्धी सीमा क्षेत्र स्तरीय समन्वय गर्ने।

९.८.३ सार्क राष्ट्रका कानून कार्यान्वयन निकायहरूबीच सूचना आदानप्रदान तथा प्रविधि हस्तान्तरण गरी सबल र सक्षम क्षेत्रीय सञ्जाल निर्माण गर्ने।

९.८.४ भारतसँग भएका लागु औषधसम्बन्धी सम्झौताको सम्बन्धमा भारतीय समकक्षीसँग बैठक गरी सीमा नाकामा निगरानी र चेकजाँच बढाउने।

९.८.५ लागु औषध अपराध नियन्त्रण सम्बन्धमा जिंगल अन्तर्वार्ता तथा विज्ञहरूसँगको छलफल र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

९.८.६ लागु औषधको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरू र निजी क्षेत्र, धार्मिक क्षेत्र, नागरिक समाजसँग आवश्यक परामर्श, साझेदारी र सहकार्य गर्ने।

९.८.७ युएनओडिसी, बिमस्टेक र सार्क जस्ता अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्घ संस्थासँग सूचना संयन्त्र विकास, विस्तार र सूचना आदान प्रदानमा समन्वय गर्ने।

९.८.८ बिमस्टेक र सार्कको सूचना संयन्त्र विकास र सूचना आदान प्रदानमा समन्वय गर्ने।

## १०. गुरुयोजना कार्यान्वयन संयन्त्र

गृह मन्त्रालयका सचिवको अध्यक्षतामा रहेको कार्यकारी समितिको प्रत्यक्ष निर्देशन लगायत प्रचलित कानूनका आधारमा गृह मन्त्रालय, लागु औषध नियन्त्रण शाखा, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, प्रदेश र स्थानीय तह, निजी क्षेत्र, गैरसरकारी संस्था, नागरिक समाज, सञ्चार जगत समेतको सहभागिता र अगुवाईमा अनुसूचीमा रहेको कार्ययोजना बमोजिम गुरुयोजना कार्यान्वयन गरिनेछ। विभागीय संरचना तयार भएको अवस्थामा तदनुरूप जिम्मेवार निकाय तोकिनेछ।

टेकनारायण पाण्डे
सचिव

## ११.जिम्मेवार निकाय अपेक्षित जिम्मेवारी र भूमिका

नेपाल सरकार
गृह मन्त्रालय

### क) नेपाल सरकार

लागु औषध दुर्व्यसनले व्यक्ति, परिवार, समाज तथा राष्ट्रलाई नै अधोगतितिर धकेल्ने भएकोले लागु औषधको दुरुपयोग तथा दुर्व्यसनी रोकथाम तथा नियन्त्रणका लागि सङ्घीय सरकारले मूलतः कानून तथा अन्य आवश्यक मापदण्डहरू तर्जुमा गर्नेछ।

स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गर्न, सचेतना फैलाउन, लागु औषध दुरुपयोगको रोकथाम तथा नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालयहरू र जिल्ला प्रहरी कार्यालयहरूको भूमिका रहनेछ। त्यसैगरी लागु औषध ओसार पसार, बेचबिखन, प्रयोग र यसको संगठित अपराधलाई रोक्न लागु औषध नियन्त्रण ब्युरोको भूमिका महत्त्वपूर्ण हुनेछ।

### ख) प्रदेश सरकार

प्रदेशभित्र लागु औषध रोकथाम तथा नियन्त्रणका लागि आवश्यक रणनीति लिने, सचेतना फैलाउने तथा तालिम र अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्ने कार्यमा प्रदेश सरकारको भूमिका उल्लेखनीय रहनेछ।

### ग) स्थानीय तह

स्थानीय तहहरूले सङ्घ र प्रदेशबाट निर्धारण भएका एवम् ती निकायहरूबाट सञ्चालन हुने कार्यक्रममा सहयोग, समन्वय र साझेदारी गर्न भूमिका निर्वाह गर्ने र आफ्नो क्षेत्रभित्र लागु औषधको अवस्था, जोखिमको मूल्याङ्कन आदिको आधारमा कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्नेछ।

### घ) निजी क्षेत्र

निजी क्षेत्रले सरकारको लक्ष्य प्राप्तिमा सहयोगीको भूमिका निर्वाह गर्नुका साथै लागु औषध प्रयोगकर्ताहरूको लागि आधुनिक एवम् गुणस्तरीय रूपमा पुनर्स्थापना केन्द्रहरूको सञ्चालन गर्न साझेदारको भूमिका निर्वाह गर्नेछ।

### ङ) नागरिक समाज

नागरिक समाजले लागु औषधको जोखिम तथा यस क्षेत्रमा देखिने समस्याहरूको बारेमा आवश्यक खबरदारी गर्ने तथा नागरिकमा लागु औषध विरुद्ध सचेतना जगाउन विभिन्न अभियानहरू र आवश्यकताअनुसार अन्य क्रियाकलापहरू सञ्चालन गर्नेछ।

### च) गैर सरकारी क्षेत्र

राज्य र समुदायसँग समन्वयमा रही सचेतना वृद्धि गर्न, स्थानीय स्तरमा कार्यक्रमहरू सञ्चालन गर्ने क्षेत्रको रूपमा रहनेछ।



टेकनारायण पाण्डे
सचिव

## १२. सूचना व्यवस्थापन

गुरुयोजनाको बारेमा सम्बद्ध सरोकारवाला तथा सर्वसाधारण नागरिकलाई सुसूचित गर्न गुरुयोजना कार्यान्वयनमा संलग्न सबै पक्षलाई जिम्मेवार र जवाफदेही बनाउन तथा लागु औषध रोकथाम र नियन्त्रणका कार्यक्रमहरूलाई सबैको जानकारीमा पुऱ्याउन सूचना सम्प्रेषणका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। यस अन्तर्गत सूचना सम्प्रेषण ज्ञान व्यवस्थापन आधारभूत तथ्याङ्क व्यवस्थापन लगायतका कार्यक्रम तर्जुमा गरी सञ्चालन गरिनेछ। लागु औषध नियन्त्रणका लागि अन्य राष्ट्रहरूसँग आवश्यक समन्वय र सूचनाको आदान प्रदान गरिनेछ। प्रभावकारी सूचना व्यवस्थापनका लागि सञ्चार रणनीति तर्जुमा गरिनेछ।

## १३. स्रोत व्यवस्थापन

यस गुरुयोजनाको कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोतको व्यवस्था राष्ट्रिय स्तरमा नेपाल सरकारले गर्नेछ। आवश्यकता अनुसार विकास साझेदारहरूको सहयोग समेत परिचालन गरिनेछ। गुरुयोजनामा उल्लिखित कार्यक्रमहरूको कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहहरूले आ-आफ्नो कार्यजिम्मेवारी अनुसार वार्षिक बजेटमा आवश्यक व्यवस्था गर्नेछन्। गुरुयोजनाको प्रभावकारी कार्यान्वयनका लागि अर्थ मन्त्रालयले वित्तीय स्रोत व्यवस्था गर्नेछ।

## १४. अपेक्षित नतिजा

गुरुयोजनाको कार्यान्वयनबाट सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकार्य, सहअस्तित्व र समन्वय भई लागु औषधको रोकथाम तथा नियन्त्रणमा कार्ययोजनामा उल्लेख भएका नतिजाहरू हासिल हुनेछन्। त्यसैगरी लागु औषध प्रयोगकर्ताहरूको सामाजिक समायोजनका साथै स्वास्थ्य सुधार र मानव अधिकारको रक्षा भएको हुनेछ। सरकारी निकाय तथा गैरसरकारी र निजी क्षेत्रका संस्थाहरूबीच लागु औषधको जोखिम न्यूनीकरणका लागि पर्याप्त सहकार्य र साझेदारी भएको हुनेछ।

## १५. सम्भाव्य जोखिम, प्रभाव र जोखिम न्यूनीकरणको उपाय

गुरुयोजना कार्यान्वयन गर्ने क्रममा हुन सक्ने जोखिम न्यूनीकरण गर्न रणनीतिको व्यावहारिक कार्यान्वयन, संरचनाको सरलीकरण तथा जिम्मेवारी र भूमिकाको विशिष्टीकरणमा ध्यान दिइएको छ। आवश्यक व्यवस्था हुँदाहुँदै पनि सम्भाव्य जोखिमलाई पूर्णतः नकार्न नसकिने भएकोले सम्भावित जोखिम विश्लेषण गरी न्यूनीकरणका उपायहरू पहिचान गरिएको छ। कानून निर्माण, साधन स्रोत परिचालन, सम्बद्ध संस्थागत संयन्त्रको सक्रियता, व्यावसायिक क्षेत्र लगायत सम्बद्ध निकायहरूको प्रतिबद्धताका साथ जोखिम पहिचान गरी सोको प्रभाव न्यूनीकरण गरिनेछ।



टेकनारायण पाण्डे
सचिव

## १६. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली

गुरुयोजनाको कार्यान्वयनलाई नतिजामूलक बनाउन तीनै तहका सरकारबाट निरन्तर रूपमा अनुगमन र मूल्याङ्कन गरी वार्षिक प्रतिवेदन तयार पारिनेछ। प्रतिवेदन तयार गर्ने मूल जिम्मेवारी गृह मन्त्रालय अन्तर्गत लागु औषध नियन्त्रण शाखाको हुनेछ। गुरुयोजनाको कार्यान्वयन संरचना तयार पार्न, अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित र वस्तुगत बनाउन सूचकयुक्त प्रणाली समेत स्थापना गरिनेछ। यस सम्बन्धी आवश्यक व्यवस्था लागु औषध नियन्त्रण शाखाले मिलाउनेछ।

## १७. गुरुयोजना तर्जुमामा सरोकारवालाको सहभागिता

यो गुरुयोजनाको अवधारणादेखि तर्जुमाका विभिन्न चरणमा सरकारी निकायका साथै निजी क्षेत्र, गैरसरकारी क्षेत्रसँग पटक पटक बैठक बसी समन्वय र छलफल भएको छ। सामाजिक सञ्जालमार्फत आम नागरिकको अभिमत, राय र सुझाव लिइएको छ। सरोकारवाला मन्त्रालय, जिल्ला प्रशासन कार्यालयहरू, लागु औषध नियन्त्रण ब्युरो, आसरा सुधार केन्द्र, निजी क्षेत्रबाट सञ्चालित उपचार तथा पुनर्स्थापना केन्द्रहरूबाट लिखित रूपमा प्राप्त पृष्ठपोषणलाई समेटिएको छ।

मनोचिकित्सक, मनोसामाजिक परामर्शकर्ताहरू र आम नागरिकबाट मोबाइल, इमेल, फेसबुक, ट्वीटर जस्ता सामाजिक सञ्जालहरूबाट प्राप्त राय, सुझावहरूलाई पूर्ण रूपमा आत्मसात गर्दै बृहत्तर छलफलबाट तर्जुमा गरिएको छ।

## १८. गुरूयोजनाको समिक्षा तथा पुनरावलोकन

गुरूयोजनाको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन अनुसार वार्षिक रूपमा गुरुयोजना कार्यान्वयन अवस्थाको बारेमा सरोकारवालाहरूबीच समिक्षा गरिनेछ। सोहीबमोजिम सम्बन्धित निकायहरूलाई पृष्ठपोषण उपलब्ध गराइनेछ र आवश्यकता अनुसार गुरुयोजनाको पुनरावलोकन समेत गरिनेछ।

टेकनारायण पाण्डे
सचिव

अनुसूची

## कार्यान्वयन कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | **नीति निर्माण तथा नीतिगत तादाम्यता** | | | | |
| १.१ | लागु औषध नियन्त्रण ऐन, २०३३ लाई प्रतिस्थापन गरी लागु औषध तथा मनोद्दीपक पदार्थ नियन्त्रण ऐन तर्जुमा गर्ने। | गृह मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १ वर्षभित्र | लागु औषध नियन्त्रण सम्बन्धी विद्यमान ऐन, नियम अद्यावधिक भएको हुनेछ। |
| १.२ | सङ्घीय नीति र कानूनसँग तादात्म्यता हुने गरी सबै प्रदेश तथा स्थानीय तहले लागु औषध सम्बन्धी आवश्यक योजना, कार्यक्रम तथा बजेट व्यवस्था गरी कार्यान्वयन गर्ने। | प्रदेश तथा स्थानीय तह | गृह मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २ वर्षभित्र | सङ्घ, प्रदेश र स्थानीय तहबीच नीतिगत समन्वय भई लागु औषध नियन्त्रण कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ। |
| १.३ | अन्य क्षेत्रगत नीति, निर्देशिका र कार्यविधिहरूलाई गुरुयोजनासँग तादात्म्यता हुने गरी संशोधन गर्ने। | गृह मन्त्रालय | क्षेत्रगत मन्त्रालयहरू | १ वर्षभित्र | अन्य क्षेत्रगत नीतिहरूको गुरुयोजनासँग तादात्म्यता भएको हुनेछ। |
| १.४ | नीतिगत एकरूपताका लागि स्थानीय तहहरूलाई मार्गदर्शन गर्ने | गृह मन्त्रालय | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १ वर्षभित्र | मार्गदर्शनको खाका तयार भएको हुनेछ। |
| १.५ | लागु औषध उपचार तथा पुनर्स्थापना केन्द्र सम्बन्धी प्रोटोकल तयार गर्ने। | गृह मन्त्रालय | प्रदेश सरकार, गैसस, निजी क्षेत्र | ६ महिना भित्र | प्रोटोकल तयार भएको हुने। |
| १.६ | नमूना लागु औषध उपचार तथा पुनर्स्थापना केन्द्रको लागि मापदण्ड तयार गर्ने। | गृह मन्त्रालय | गैसस/निजी क्षेत्र | १ वर्षभित्र | मापदण्ड तयार भएको हुनेछ। |
| १.७ | माध्यमिक विद्यालय तहको पाठ्यक्रममा लागु औषधसम्बन्धी विषयवस्तु समावेश गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रदेश सरकार, स्थानीय तहहरू | २ वर्षभित्र | विद्यार्थी र प्रशिक्षार्थीहरूमा ज्ञान तथा सचेतना वृद्धि भएको हुनेछ। |
| १.८ | सरकारी तालिम केन्द्रहरूका पाठ्यक्रममा लागु औषध विषयलाई समावेश गर्ने। | गृह मन्त्रालय | विषयगत मन्त्रालयहरू | २ वर्षभित्र | सरकारी तालिम केन्द्रहरूमा लागु औषधसम्बन्धी प्रशिक्षण भएको हुने। |
| २. | **संस्थागत सबलीकरण** | | | | |
| २.१ | लागु औषध नियन्त्रणका लागि विद्यमान संस्थागत संयन्त्रहरू लागु औषध नियन्त्रण शाखा र लागु औषध नियन्त्रण ब्युरोको संस्थागत क्षमता विकास र सबलीकरण गर्ने। | गृह मन्त्रालय | UNODC/गैसस | १ वर्षभित्र | क्षमता विकासका लागि तालिम सञ्चालन भएको हुनेछ। |
| २.२ | लागु औषध नियन्त्रण विभाग स्थापना गर्ने। | गृह मन्त्रालय | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ३ वर्षभित्र | लागु औषध नियन्त्रण विभाग स्थापना भएको हुनेछ। |



टेकनारायण पाण्डे
सचिव

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २.३ | माध्यमिक तहका सामाजिक विषयका शिक्षकलाई लागु औषधसम्बन्धी प्रशिक्षण गर्ने। | स्थानीय तह | प्रदेश सामाजिक विकास मन्त्रालय | ५ वर्षभित्र | शिक्षकहरू प्रशिक्षित भएका हुनेछन्। |
| २.४ | लागु औषध नियन्त्रण कानून कार्यान्वयनको क्षेत्रमा कार्यरत निकायहरूमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने। | गृह मन्त्रालय | लागु औषध नियन्त्रण शाखा | नियमित | लागु औषध नियन्त्रण कानून कार्यान्वयनको क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि भएको हुनेछ। |
| २.५ | स्वास्थ्य कर कोष र मदिरा नियन्त्रण सेवा दस्तुर वापतको रकम लागु औषध नियन्त्रण सम्बन्धी कार्यक्रममा वार्षिक विनियोजन र उपयोग गर्ने। | अर्थ मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | २०७९।८०  देखि | स्वास्थ्य कर कोष र मदिरा नियन्त्रण सेवा दस्तुर वापतको रकम विनियोजन र उपयोग भएको हुनेछ। |
| २.६ | सङ्गठित रूपमा लागु औषध प्रयोग, ओसारपसार, बिक्री वितरण गर्ने विरुद्ध मजबुत Intelligence को विकास गर्ने। | गृह मन्त्रालय | नेपाल प्रहरी | २ वर्षभित्र | Intelligence को विकास भएको हुनेछ। |
| २.७ | नेपाल प्रहरीको लागि लागु औषध अपराध विश्लेषण सम्बन्धी सफ्टवेयर निर्माण गर्ने। | नेपाल प्रहरी | लागु औषध नियन्त्रण शाखा | १ वर्षभित्र | सफ्टवेयर निर्माण भएको हुनेछ। |
| २.८ | स्थानीय तहका पदाधिकारीलाई लक्षित गरी अभिमुखीकरण तालिम सञ्चालन गर्ने। | स्थानीय तह | गृह मन्त्रालय, लागु औषध नियन्त्रण ब्युरो | ५ वर्षभित्र | स्थानीय तहमा अभिमुखीकरण सञ्चालन भएको हुनेछन्। |
| ३. | सचेतना र शिक्षा | | | | |
| ३.१ | लागु पदार्थको दुष्परिणामबारे विद्यालय, क्याम्पस, युवा क्लब आदिमा युवा लक्षित सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने। | जिल्ला प्रशासन कार्यालय | जिल्लास्थित सुरक्षा निकाय | नियमित | युवा लक्षित सचेतना कार्यक्रम सञ्चालन भएको हुनेछन्। |
| ३.२ | लोकप्रिय राष्ट्रिय व्यक्तित्व, कलाकार तथा खेलाडीलाई लागु औषध नियन्त्रण अभियानको सद्भावना दूत घोषणा गर्ने। | गृह मन्त्रालय | युवा तथा खेलकुद मन्त्रालय/राष्ट्रिय खेलकुद परिषद | १ वर्षभित्र | वार्षिक रूपमा १ जना सद्भावना दूत घोषणा भएको हुने। |
| ३.३ | लागु औषध प्रयोगकर्ता लक्षित योग तथा ध्यान शिविर, स्वास्थ्य शिविर र मनोसामाजिक परामर्श उपलब्ध गराउने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | नेपाल प्रहरी, स्थानीय तह, सरोकारवाला संघ संस्था | नियमित | लागु औषध प्रयोगकर्ताहरू लाभान्वित भएका हुनेछन्। |
| ३.४ | लागु औषधको सम्भावित प्रयोग न्यूनीकरण गर्न बाल क्लबहरू गठन तथा परिचालनको व्यवस्था मिलाउने। | स्थानीय तह | शिक्षा विकास तथा समन्वय ईकाई | ६ महिना भित्र | बाल क्लबहरू भई परिचालन गठन भएका हुनेछन्। |
| ३.५ | लागु औषध नियन्त्रण सम्बन्धमा अभिभावक एवम् जोखिममा परेका समुदायमा सचेतना तथा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्ने। | सङ्घ, प्रदेश र स्थानीय तह | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | नियमित | यौनकर्मी माझ अभिमुखिकरण कार्यक्रम सञ्चालन भएको हुने। |



टेकनारायण पाण्डे
सचिव

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३.६ | सचेतना फैलाउन फेसबुक, ट्वीटर, टिकटक, युट्युबजस्ता सामाजिक सञ्जालहरूको प्रयोग गर्ने। | गृह मन्त्रलाय | प्रदेश तथा स्थानीय तह | नियमित | सचेतना फैलाउन सामाजिक सञ्जालको उपयोग भएको हुनेछ। यसको लागि सञ्चार रणनीति अवलम्बन गरिएको हुनेछ। |
| ३.७ | लागु औषध र यसले पार्ने प्रभावका बारेमा कारागारका कैदी बन्दीलाई लक्षित गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | कारागार व्यवस्थापन विभाग | जिल्ला प्रशासन कार्यालय/ गैसस/UNODC/निजी क्षेत्र | २ वर्षभित्र | सबै कारागारमा वार्षिक रूपमा कार्यक्रम सञ्चालन भएको हुने। |
| ३.८ | आमा समुह, दबाब समुहलाई लागु औषध कार्यक्रममा आवद्ध गरी परामर्श (Outreach) कार्यक्रम सञ्चालन गर्ने। | स्थानीय तह | तत्तत समूह | नियमित | परामर्श कार्यक्रम सञ्चालन भएको हुनेछ। |
| ३.९ | किशोर किशोरीबीच दौतरी शिक्षा (Peer Education) मार्फत लागु औषध विरुद्ध चेतना फैलाउने। | स्थानीय तह | अभिभावक, नागरिक समाज | नियमित | किशोर किशोरीमाझ सचेतना फैलिएको हुने। |
| ३.१० | लागु औषध विरुद्धको अभियानमा उत्कृष्ट योगदान पुर्‍याउने व्यक्तित्वहरूलाई सम्मानित र पुरस्कृत गर्ने। | गृह मन्त्रालय | प्रदेश सरकार र स्थानीय तह | वार्षिक रूपमा | महत्त्वपूर्ण व्यक्तित्वहरू सम्मानित र पुरस्कृत भएका हुनेछन्। |
| ३.११ | सडक बालबालिका सचेतना कार्यमा संलग्न व्यक्ति तथा संस्थाहरूलाई प्रोत्साहन गर्ने। | स्थानीय तह | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | नियमित | सडक बालबालिकाहरूलाई सचेतना गरिएको हुनेछ। |
| ३.१२ | स्थानीय स्तरमा लागु औषधविरुद्ध सचेतना फैलाउन नेपाल प्रहरीबाट सञ्चालन भइरहेको समुदाय-प्रहरी साझेदारी कार्यक्रमलाई थप प्रभावकारी बनाउने। | नेपाल प्रहरी | स्थानीय तह | नियमित | समुदाय-प्रहरी साझेदारी कार्यक्रमलाई थप प्रभावकारी भएको हुनेछ। |
| ४ | **लागु औषध रोकथाम तथा नियन्त्रण** | | | | |
| ४.१ | लागु औषधको गैरकानूनी प्रयोग, सञ्चय र ओसारपसार गर्ने उपर कारबाही गर्ने। | नेपाल प्रहरी | लागु औषध नियन्त्रण ब्युरो, स्थानीय तह | नियमित | लागु औषधको गैरकानूनी प्रयोग, सञ्चय र ओसारपसार न्यूनीकरण भएको हुनेछ। |
| ४.२ | लागु औषधको अवैध खेती र उत्पादन नष्ट गरी संलग्न उपर कारबाही गर्ने। | नेपाल प्रहरी | लागु औषध नियन्त्रण ब्युरो, स्थानीय तह | नियमित | लागु औषधको अवैध खेती नष्ट तथा सोमा संलग्नलाई कारवाही भएको हुने। |
| ४.३ | सरकारी, निजी क्षेत्र, गैरसरकारी संस्था र नागरिक समाज सहितको सहभागितामा राष्ट्रिय लागु औषध माग घटाउ अभियान सञ्चालन गर्ने। | गृह मन्त्रालय | प्रदेश, स्थानीय तह, निजी क्षेत्र, गैरसरकारी संस्था र नागरिक समाज | तत्काल | अभियान सञ्चालन भएको हुनेछ। |
| ४.४ | हवाई, सडक तथा जलमार्गबाट हुने लागु औषधको ओसारपसार चेकजाँचको लागि अत्याधुनिक उपकरणको व्यवस्था गर्ने। | भन्सार विभाग, लागु औषध नियन्त्रण ब्युरो | नेपाल प्रहरी | ३ वर्षभित्र | लागु औषधको ओसारपसार रोक्न चेकजाँचको व्यवस्था भएको हुनेछ। |



टेकनारायण पाण्डे
सचिव

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ४.५ | सबै स्थानीय तहमा लागु औषध नियन्त्रण तथा मदिरा बिक्री वितरण व्यवस्थित गर्न रोकथाममूलक कार्यक्रमहरू सञ्चालन गर्ने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | गृह मन्त्रालय | नियमित | स्थानीय तहहरूमा लागु औषध नियन्त्रण र मदिरा बिक्री वितरण व्यवस्थित गर्न कार्यक्रम लागु भएको हुने। |
| ४.६ | मदिराको प्रयोगलाई निरूत्साहित गरी नमुना स्थानीय तहको स्थापना कार्य अगाडि बढाउने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | स्थानीय तह, नागरिक समाज | २ वर्षभित्र | प्रत्येक प्रदेशमा कम्तीमा एउटा नमुना स्थानीय तह स्थापना भएको हुने। |
| ४.७ | लागु औषधको कारोबार तथा प्रयोग हुन सक्ने सम्भाव्य क्षेत्र तथा सीमा नाकामा आकस्मिक अनुगमन तथा निरीक्षण गर्ने। | नेपाल प्रहरी | जिल्ला प्रशासन कार्यालय/सुरक्षा निकायहरू | तत्काल | अनुगमन तथा निरीक्षण भएको हुने। |
| ४.८ | नियन्त्रित लागु औषध अर्थात सहायक रसायन र मनोद्दीपक पदार्थहरूको उत्पादन, आयात, ओसारपसार, बिक्री वितरण र प्रयोगको प्रभावकारी नियमन गर्ने। | औषधी व्यवस्था विभाग | गृह मन्त्रालय, नेपाल प्रहरी | नियमित | नियन्त्रित लागु औषध, सहायक रसायन र मनोद्दीपक पदार्थहरूको दुरुपयोग नियन्त्रण भएको हुनेछ। |
| ४.९ | औषध नियन्त्रण अधिकारीलाई सक्रिय परिचालन गर्ने। | गृह मन्त्रालय | जिल्ला प्रशासन कार्यालय | तत्काल | मुख्य औषध नियन्त्रण अधिकारीसँग कार्य सम्पादन करार भएको हुनेछ। |
| ४.१० | भन्सार बिन्दुमा Drug Detection Device जडान गर्ने। | अर्थ मन्त्रालय | गृह मन्त्रालय | ३ वर्षभित्र | उपकरण जडान भएको हुनेछ। |
| ४.११ | सीमामा आवतजावत गर्ने नागरिकलाई लागु औषध अपराध सम्बन्धी परामर्श र सूचना सम्प्रेषणका लागि विशेष क्याम्पको व्यवस्था गर्ने। | गृह मन्त्रलाय | स्थानीय तह | ५ वर्षभित्र | क्याम्प मार्फत परामर्श र सूचना सम्प्रेषण भएको हुनेछ। |
| ४.१२ | मदिराको विज्ञापनका लागि राखिने होर्डिङ बोर्ड र मदिरा पसलहरू अन्तर्राष्ट्रिय सीमा क्षेत्रबाट निश्चित दूरीमा राख्न पहल गर्ने। | जिल्ला प्रशासन कार्यालयहरू | जिल्ला स्थित सुरक्षा निकायहरू | १ वर्ष भित्र | सीमा क्षेत्रमा रहेका Hoarding Board तथा मदिरा पसलहरू हटेका हुनेछन। |
| ४.१३ | सम्भावित लागु औषध प्रयोगकर्ता पहिचान गरी Test Kit मार्फत लागु औषध प्रयोग गरे नगरेको जाँच गर्ने। | गृह मन्त्रालय | सरोकारवाला संघ संस्था | १ वर्ष भित्र | १० हजार भन्दा बढी व्यक्तिको लागु औषध प्रयोग गरे नगरेको सम्बन्धमा जाँच गरिएको हुनेछ। |
| **५** | **उपचार तथा पुनर्स्थापना** | | | | |
| ५.१ | लैङ्गिक तथा अन्य कुनै भेदभाव बिना स्तरीय उपचार तथा पुनर्स्थापना सेवा दिने। | गृह मन्त्रालय | गैरनाफामूलक संघ संस्था, निजी क्षेत्र | तत्काल | स्तरीय उपचार तथा पुनर्स्थापना भएको हुनेछ। समयसमयमा सेवाको Gender Responsiveness Survey गरिएको हुनेछ। |
| ५.२ | लागु औषधको प्रतिस्थापन र सामाजिक पुनर्स्थापना गर्ने। | सङ्घ, प्रदेश र स्थानीय तह | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ५ वर्षभित्र | सामाजिक पुनर्स्थापना भएको हुनेछ। |



टेकनारायण पाण्डे
सचिव

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ५.३ | उपचार तथा पुनर्स्थापना केन्द्रका सञ्चालक तथा व्यवस्थापकलाई Accepted Standard Curriculum बमोजिम तालिम प्रदान गर्ने। | गृह मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय/UNODC/गैसस/निजी क्षेत्र | वार्षिक रूपमा | उपचार तथा पुनर्स्थापना केन्द्रको सेवा गुणस्तरीय तथा प्रभावकारी भएको हुनेछ। |
| ५.४ | लागु औषध प्रयोगकर्ताहरूका लागि उपचार तथा पुनर्स्थापना केन्द्र सञ्चालनका लागि गैरसरकारी तथा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने। | गृह मन्त्रालय | गैसस र निजी क्षेत्र | नियमित | प्रभावकारी रूपमा उपचार तथा पुनस्थानपन केन्द्रहरू सञ्चालन भएको हुनेछन्। |
| ५.५ | लागु औषध प्रयोगकर्ताका लागि सञ्चालित उपचार तथा पुनर्स्थापना केन्द्रहरूको मासिक सेवा शुल्क निर्धारण गर्ने। | जिल्ला प्रशासन लकार्यालयहरू | गैरनाफामूलक संघ संस्था, निजी क्षेत्र | ६ महिना भित्र | मासिक सेवा शुल्क निर्धारण भएको हुनेछ। |
| ५.६ | उपचार तथा पुनर्स्थापना सेवाको अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी तुल्याउने। | गृह मन्त्रालय, प्रदेश सरकार | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | निरन्तर | सरल सुलभ गुणस्तरीय र भरपर्दो सेवा सुनिश्चित भएको हुनेछ। |
| ५.७ | पुनर्स्थापना पश्चात लागु औषध प्रयोगकर्तालाई सम्मानित सामाजिक जीवनयापन तथा सामाजिक पुनःएकीकरणको लागि सीपमूलक र आयआर्जनका कार्यक्रम सञ्चालन गर्ने। | प्रदेश सरकार, स्थानीय तह | गृह मन्त्रालय/कृषि तथा पशुपन्छी विकास मन्त्रालय | निरन्तर | प्रत्येक वर्ष तालिम लिनेको सङ्ख्या वृद्धि भएको हुनेछ। |
| ५.८ | गैरसरकारी संस्थासँगको सहकार्यमा पूर्व लागु औषध प्रयोगकर्ताहरूलाई समाजमा पुनर्स्थापना गर्न सघाउ पुऱ्याउने कार्यक्रम सञ्चालन गर्ने। | गैरसरकारी संस्थाहरू | स्थानीय तह | नियमित | पूर्व लागु औषध प्रयोगकर्ताहरूको जीवनयापनमा सहजता आएको हुनेछ। |
| ५.९ | उत्कृष्ट सेवा दिने उपचार तथा पुनर्स्थापना केन्द्रहरूलाई प्रोत्साहन स्वरूप राज्यबाट अनुदान र पुरस्कार प्रदान गर्ने। | गृह मन्त्रालय | प्रदेश सरकार | वार्षिक रूपमा | उत्कृष्ट उपचार तथा पुनर्स्थापना केन्द्रलाई अनुदान र पुरस्कार प्रदान गरिएको हुनेछ। |
| ५.१० | प्रत्येक प्रदेशमा नमूना लागु औषध उपचार तथा पुनर्स्थापना केन्द्र स्थापना गर्ने। | गृह मन्त्रालय | प्रदेश सरकार | ४ वर्षभित्र | मापदण्ड तयार भएको हुने। |
| ५.११ | लागु औषध प्रयोगकर्ताहरूको उपचारलाई प्रभावकारी बनाउन प्रत्येक प्रादेशिक अस्पतालमा Drug Treatment Centre स्थापना गर्ने। | प्रदेश सरकार | गृह मन्त्रालय | ३ वर्षभित्र | प्रादेशिक अस्पतालमा Drug Treatment Centre स्थापना भएको हुनेछ। |
| ५.१२ | कुल ५ हजारभन्दा बढी लागु औषध प्रयोगकर्ता भएको जिल्लामा जिल्लास्थित सरकारी अस्पतालसँग समन्वय गरी Psychiatric Unit स्थापना गरी उपचार सेवा सुचारु गर्ने। | प्रदेश सरकार | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | ४ वर्षभित्र | जिल्लास्थित सरकारी अस्पतालसँग समन्वय गरी Psychiatric Unit स्थापना भई उपचार सेवा सुचारु भएको हुने। |
| ५.१३ | उपचार केन्द्रमा नयाँ भर्नाको सङ्ख्या, उपचाररत व्यक्तिको सङ्ख्या तथा डिस्चार्जको वास्तविक अवस्थाको Real Time सफ्टवेयर विकास गरिने। | गृह मन्त्रालय | उपचार केन्द्रहरू/निजी क्षेत्र | १ वर्षभित्र | Real Time सफ्टवेयर विकास भएको हुनेछ। |



टेकनारायण पाण्डे
सचिव

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ६ | क्षति न्यूनीकरण | | | | |
| ६.१ | लागु औषध प्रयोगकर्ताहरूको सम्भावित क्षति न्यूनीकरण गर्नका लागि मौखिक प्रतिस्थापन केन्द्रको सेवामा पहुँच बढाउने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | गृह मन्त्रालय/गैरसरकारी संस्था, निजी क्षेत्र | ३ वर्षभित्र | मौखिक प्रतिस्थापन उपचार पद्दति प्रयोग गर्नेको पहुँच बढेको हुनेछ। |
| ६.२ | मौखिक प्रतिस्थापन उपचार पद्धतिलाई सातै प्रदेशमा विस्तार गर्ने। | " " | गृह मन्त्रालय | १ वर्षभित्र | सबै प्रदेशमा सेवा विस्तार भएको हुनेछ। |
| ६.३ | मौखिक प्रतिस्थापनमा सिन्थेटिक लागु औषधको विकल्पमा प्राकृतिक वा जैविक प्रतिस्थापन उपचारका विकल्पबाट प्रतिस्थापन गर्ने। | " " | आयुर्वेद विभाग | २ वर्षभित्र | वैकल्पिक विधि विकास भएको हुनेछ। |
| ६.४ | लागु औषध प्रयोगकर्तामा देखिने आधारभूत स्वास्थ्य समस्याहरूको पहिचान गरी त्यस्ता जोखिमबाट प्रयोगकर्ता, निजको परिवार र समुदायलाई जोगाउन पहल गर्ने। | स्थानीय तह | गैरसरकारी संस्था, निजी क्षेत्र | तत्काल | प्रयोगकर्ता, निजको परिवार र समुदाय लागु औषधको स्वास्थ्य समस्याबाट जोगिएको हुनेछ। |
| ६.५ | समुदायको अग्रसरतामा न्यूनतम मापदण्ड सहितका आश्रय केन्द्र (Drop in Centre) स्थापना गर्न पहल गर्ने। | स्थानीय तह | समुदाय, गैरसरकारी संस्था, निजी क्षेत्र | २ वर्षभित्र | आश्रय केन्द्रहरू स्थापना भएका हुनेछन्। |
| ७. | अनुसन्धान तथा विकास | | | | |
| ७.१ | लागु औषध प्रयोगकर्ताहरूको अवस्था र लागु औषधको प्रभावबारे आवधिक रूपमा राष्ट्रिय सर्वेक्षण र स्थानीय तहगत सर्वेक्षण गर्ने। | गृह मन्त्रालय | केन्द्रीय तथ्याङ्क विभाग | ४ वर्षभित्र | लागु औषध प्रयोगकर्ताहरूको सङ्ख्या र अवस्था अध्यावधिक भएको हुनेछ। |
| ७.२ | लागु औषध सम्बन्धी खोज पत्रकारितालाई प्रोत्साहन गर्न सञ्चारकर्मीसँग सहकार्य र साझेदारी गर्ने। | गृह मन्त्रालय | नेपाल पत्रकार महासंघ | नियमित | सञ्चारकर्मीसँग सहकार्य भएको हुनेछ। |
| ७.३ | उपचार तथा पुनर्स्थापना क्षेत्रमा अध्ययन अनुसन्धान गरी प्रभावकारी र सफल विधि अवलम्बन गर्ने। | गृह मन्त्रालय | स्वायत्त अनुसन्धान संस्थाहरू | ३ वर्षभित्र | पुनर्स्थापनामा प्रभावकारी र सफल विधि अवलम्बन गरिएको हुनेछ। |
| ७.४ | गाँजाजन्य पदार्थसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता र राष्ट्रिय कानून बमोजिम औषधीय प्रयोजनको लागि खुला गर्ने र आवश्यक वैज्ञानिक अनुसन्धान गर्ने। | वन तथा वातावरण मन्त्रालय | नेपाल स्वास्थ्य अनुसन्धान परिषद र अन्य स्वायत्त अनुसन्धान संस्थाहरू | १ वर्षभित्र | औषधीय प्रयोजनको लागि खुलेको हुने र गाँजाको वैज्ञानिक अनुसन्धान भएको हुने। |
| ७.५ | लागु औषध प्रयोगकर्ताहरूको लागि सञ्चालित उपचार तथा पुनर्स्थापना केन्द्रको प्रभावकारिता अध्ययन गर्ने। | गृह मन्त्रालय | सरोकारवाला संघ संस्था | २ वर्षभित्र | उपचार केन्द्रहरूको बारेमा अध्ययन भएको हुनेछ। |
| ७.६ | लागु औषधको मौखिक प्रतिस्थापन उपचार केन्द्र तथा विधिको प्रभावकारिता अध्ययन गर्ने। | गृह मन्त्रालय | स्वायत्त अनुसन्धान संस्थाहरू | १ वर्षभित्र | मौखिक प्रतिस्थापन केन्द्रहरूको बारेमा अध्ययन भएको हुनेछ। |



टेकनारायण पाण्डे
सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | **सहकार्य, साझेदारी र स्रोत परिचालन** | | | | |
| ८.१ | संघ, प्रदेश र स्थानीय तहका सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरी संयुक्त रूपमा लागु औषध दुरुपयोग रोकथाम र नियन्त्रण गर्ने। | गृह मन्त्रालय | प्रदेश सरकार, स्थानीय तहहरू | ५ वर्षभित्र | लागु औषध दुरुपयोग रोकथाम र नियन्त्रण भएको हुनेछ। |
| ८.२ | सीमा जोडिएका देशका सुरक्षा निकायसँग लागु औषध अपराध नियन्त्रण सम्बन्धी सीमा क्षेत्र स्तरीय समन्वय गर्ने। | गृह मन्त्रलाय | जिल्ला प्रशासन कार्यालय, जिल्ला स्थित सुरक्षा निकायहरू | नियमित | बैठकमा लागु औषधसम्बन्धी छलफल भएको हुनेछ। |
| ८.३ | सार्क राष्ट्रका कानून कार्यान्वयन निकायहरूबीच सूचना आदानप्रदान तथा प्रविधि हस्तान्तरण गरी सबल र सक्षम क्षेत्रीय सञ्जाल निर्माण गर्ने। | गृह मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नियमित | सार्क राष्ट्रहरूबीच सूचना आदानप्रदान र प्रविधि हस्तान्तरण गरी सबल र सक्षम क्षेत्रीय सञ्जाल निर्माण भएको हुनेछ। |
| ८.४ | भारतसँग भएका लागु औषधसम्बन्धी सम्झौताको सम्बन्धमा भारतीय समकक्षीसँग बैठक गरी सीमा नाकामा निगरानी र चेकजाँच बढाउने। | सीमा जोडिएका जिल्ला प्रशासन कार्यालय | नेपाल प्रहरी | वार्षिक रूपमा | सीमा नाकामा हुने लागु औषधजन्य अपराधमा नियन्त्रण हुनेछ। |
| ८.५ | लागु औषध अपराध नियन्त्रण सम्बन्धमा जिंगल, अन्तर्वार्ता तथा विज्ञहरूसँगको छलफल र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | वार्षिक रूपमा | आमसञ्चार माध्यमबाट लागु औषध नियन्त्रणमा टेवा पुगेको हुनेछ |
| ८.६ | लागु औषधको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरू र निजी क्षेत्र, धार्मिक क्षेत्र, नागरिक समाजसँग आवश्यक परामर्श, साझेदारी र सहकार्य गर्ने। | गृह मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | नियमित | सरोकारवालाहरूसँग प्रभावकारी साझेदारी र समन्वय कायम भएको हुनेछ। |
| ८.७ | युएनओडिसी, बिमस्टेक र सार्क जस्ता अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्घ संस्थासँग सूचना संयन्त्र विकास, विस्तार र सूचना आदान प्रदानमा समन्वय गर्ने। | परराष्ट्र मन्त्रालय | गृह मन्त्रालय | नियमित | सूचना आदान प्रदान भएको हुनेछ। |
| ८.८ | बिमस्टेक र सार्कको सूचना संयन्त्र विकास र सूचना आदान प्रदानमा समन्वय गर्ने। | परराष्ट्र मन्त्रालय | गृह मन्त्रालय | नियमित | बिमस्टेक र सार्कको सूचना संयन्त्रमार्फत सूचना आदान प्रदान भएको हुनेछ। |

नेपाल सरकार
गृह मन्त्रालय

टेकनारायण पाण्डे
सचिव

डा. भीष्मकुमार भूसाल
सहसचिव